**आकाशवाणी समाचार- नेपाली**

मितिः १४ अक्टुबर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मु ३ देशको सप्ताहव्यापी भ्रमणको पहिलो चरणमा हिजो अल्जेरियाको राजधानी अल्जियर्स पुग्नु भएको छ। उहाँले अल्जीयर्समा भारतीय समुदायद्वारा आयोजित स्वागत समारोहमा भाग लिनु भयो।

**२.** संयुक्त राज्य अमेरिका-भारत रणनीतिक साझेदारी फोरमद्वारा आयोजित वार्षिक भारत नेतृत्व शिखर सम्मेलन आज नयाँ दिल्लीमा आयोजना हुँदैछ।

**३.** लोकसभा अध्यक्ष ओम बिरलाको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डल अन्तर संसदीय संघ-आईपीयूको १४९ औं बैठकमा सहभागी हुन जेनेभा पुग्नु भएको छ।

**४.** केन्द्र शासित प्रदेश जम्मु–कश्मीरमा राष्ट्रपति शासन हटाइएको छ, जसले नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गरेको छ।

**५.** अष्ट्रेलियाले भारतलाई ९ रनले पराजित गर्दै महिला ट्वान्टी–२० क्रिकेट विश्वकपको सेमि फाइनलमा स्थान पक्का गरेको छ।

**राष्ट्रपति - अल्जेरिया**

राष्ट्रपति द्रौपदी मुर्मु अल्जेरिया, मोरिटानिया र मालावीको सप्ताहव्यापी भ्रमणको पहिलो चरणमा हिजो साँझ अल्जेरियाको राजधानी अल्जियर्स पुग्नु भएको छ। आज उहाँले अल्जेरियाका प्रमुख नेताहरूसँग द्विपक्षीय भेट गर्नु हुनेछ। यसको उद्देश्य दुई देशबीचको सम्बन्धलाई थप सुदृढ र विस्तार गर्नु हो।

**बाइट**

भ्रमणको दोस्रो चरणमा राष्ट्रपति द्रौपदी मुर्मुले १६ अक्टोबरमा मोरिटानियाको भ्रमण गर्नु हुनेछ भने अन्तिम चरणमा १७ देखि १९ अक्टोबरसम्म मालावीमा रहनु हुनेछ। उहाँले मोरिटानिया र मालावीका नेताहरूसँग वार्ता गर्नुका साथै व्यापार र उद्योगसित सम्बन्धित नेताहरूसँग पनि भेट गर्नु हुनेछ।
राष्ट्रपति द्रौपदी मुर्मूले अल्जीरियाको अल्जीयर्समा भारतीय समुदायद्वारा आयोजित स्वागत समारोहमा भाग लिनु भयो।

****** ० ******

**नेतान्याहू -यूनिफिल**

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले दक्षिणी लेबनानमा तैनाथ आफ्नो शान्ति सेना फिर्ता गर्न राष्ट्रसंघलाई आग्रह गर्नु भएको छ। नेतान्याहुले हिजबुल्लाहले लेबनानमा संयुक्त राष्ट्र सङ्घको अन्तरिम सेनालाई बन्धक बनाएको बताउनु भयो। इजरायलको हमास र हिजबुल्लाहसँग गत वर्षको अक्टोबरदेखि द्वन्द्व चलिरहेको छ। लेबनानमा रहेको संयुक्त राष्ट्रको अन्तरिम बलले शान्ति सैनिकमाथिको आक्रमणलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र सुरक्षा परिषद्को प्रावधानको उल्लङ्घन भएको बताउनु भएको छ। उहाँले यस्ता घटनाले राष्ट्र संघीय शान्ति सेनाका लागि गम्भीर खतरा हुने बताउनु भयो।

****** ० ******

**महिला T20 विश्वकप क्रिकेट**

शारजाहमा गए राति भएको समूह 'ए' अन्तर्गतको म्याचमा अष्ट्रेलियाले भारतलाई ९ रनले पराजित गर्दै महिला ट्वान्टी–२० क्रिकेट विश्वकपको सेमि फाइनलमा स्थान पक्का गरेको छ।अस्ट्रेलियाले २० ओभरमा आठ विकेट गुमाएर १५१ रन बनाएको थियो। १५२ रनको लक्ष्यको जवाफमा भारतले ९ विकेट गुमाएर १४२ रन मात्रै बनाउन सकेको थियो। भारतका लागि कप्तान हरमनप्रीत कौरले अविजित ५४ र दीप्ती शर्माले २९ रन बनाएकी थिइन्। अष्ट्रेलियाका लागि अन्नाबेल सदरल्याण्ड र सोफी मोलिनक्सले २–२ विकेट लिए भने मेगन स्कट र एस्ले ग्राडनरले एक–एक विकेट लिएका थिए। सोफी मोलिनक्स प्लेयर अफ द म्याच चुनिए। भारतका लागि रेणुका ठाकुर सिंह र दीप्ती शर्माले २–२ विकेट लिए भने पूजा वस्त्रकार, राधा यादव र श्रेयंका पाटिलले एक–एक विकेट लिएका थिए। यसपछि भारतको सेमिफाइनलको दौडमा रहने आशा अब न्युजिल्यान्ड र पाकिस्तानबीचको म्याचमा टिकेको छ। यदि पाकिस्तानले यो म्याच जित्यो भने भारतले सेमिफाइनलमा आफ्नो स्थान पक्का गर्नेछ। यो खेल आज भारतीय समय अनुसार साँझ ७:३० बजे शुरु हुनेछ।  यसअघि हिजो साँझ समूह बी को अर्को खेलमा इंग्ल्याण्डले स्कटल्याण्डलाई १० विकेटले पराजित गरेको थियो।

****** ० ******

**अमेरिका-भारत रणनीतिक साझेदारी फोरम**

संयुक्त राज्य अमेरिका-भारत रणनीतिक साझेदारी फोरमद्वारा आयोजित वार्षिक भारत नेतृत्व शिखर सम्मेलन आज नयाँ दिल्लीमा आयोजना हुँदैछ। यसको उद्देश्य द्विपक्षीय व्यापार, आपूर्ति श्रृंखला, सेमीकंडक्टर निवेश, आर्टिफिशियल इंटेलीजेंस र आधुनिक प्रौद्योगिकीमा सहयोग बढाउनु हो। प्रधानमन्त्री नरेन्द्र मोदीको भर्खरै क्वाड समिट र संयुक्त राष्ट्र संघको महासभालाई सम्बोधन गर्नको लागि अमेरिकाको भ्रमणपछि यो सम्मेलन हुन लागेको हो। एक दिवसीय सम्मेलनको उद्देश्य रक्षा सम्बन्ध र स्वच्छ ऊर्जालाई प्रवर्द्धन गर्नु, स्वतन्त्र र खुला इन्डो-प्यासिफिक क्षेत्र सुनिश्चित गर्नु हो। फोरमका अध्यक्ष जोन चेम्बर्सले यो शताब्दी भारतको भएको र अनन्त सम्भावनाप्रति आफू उत्साहित रहेको बताउनु भएको छ। उनले अमेरिकाले भारतसँग मिलेर दुवै देशको साझा समृद्ध भविष्य निर्माण गर्ने बताउनु भयो। यो शिखर सम्मेलन दुई देशबीचको रणनीतिक साझेदारीलाई सुदृढ पार्ने एउटा सशक्त मञ्च बन्नेछ। सम्मेलनको क्रममा केन्द्रीय मन्त्री पियुष गोयल, धर्मेन्द्र प्रधान र ज्योतिरादित्य सिन्धिया लगायत प्रमुख नेताहरूसँग सत्र हुनेछ। सम्मेलनले भारतको उत्पादन अर्थतन्त्रलाई सुदृढ पार्ने रणनीतिहरू पनि विचार गर्नेछ किनभने दुवै देशले विश्वव्यापी आपूर्ति श्रृंखलालाई सुव्यवस्थित गर्न सहकार्य गर्दछ।भारतीय जनता पार्टीले हरियाणा भाजपा विधायक दलको बैठकको लागि केन्द्रीय गृहमन्त्री अमित शाह र मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवलाई केन्द्रीय पर्यवेक्षक नियुक्त गरेको छ।पार्टीले केन्द्रीय मन्त्री प्रल्हाद जोशी र पार्टीका राष्ट्रिय महासचिव तरुण चुगलाई जम्मू कश्मीर भाजपा विधायक पार्टीको बैठकको लागि केन्द्रीय पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ।

****** ० ******

**बिरला जेनेभा - आईपीयू**

भारतको लोकसभा अध्यक्ष ओम बिरलाको नेतृत्वमा संसदीय प्रतिनिधिमण्डल अन्तर संसदीय संघ-आईपीयूको १४९ औं बैठकमा सहभागी हुन गए राति जेनेभा पुग्नु भएको छ। श्री बिरलाले एक सामाजिक सञ्जाल पोस्टमा भन्नु भयो, उहाँले थप शान्तिपूर्ण र दिगो भविष्यको लागि विज्ञान, प्रविधि र नवाचारको प्रयोगको विषयमा बैठकलाई सम्बोधन गर्नु हुनेछ। यो बैठक यही महिनाको १७ तरिखसम्म चल्नेछ। श्री बिरलाले आईपीयूको गभर्निङ काउन्सिलको बैठकमा भाग लिनु हुनेछ र आज जेनेभामा भारतीय डायस्पोरालाई भेट्नु हुनेछ। यसका साथै उहाँले अन्य देशका संसदका समकक्षीसँग पनि भेटवार्ता गर्नु हुनेछ। प्रतिनिधिमण्डलमा राज्यसभाका उप सभापति हरिवंश सिंह, दुवै सदनका महासचिव र अन्य धेरै सांसदहरू सामेल छन्।

****** ० ******

**जम्मू-कश्मीर**

केन्द्र शासित प्रदेश जम्मु–कश्मीरमा राष्ट्रपति शासन हटाइएको छ, जसले नयाँ सरकार गठनका लागि मार्ग प्रशस्त गरेको छ। केन्द्र सरकारले यस सम्बन्धी एक सूचना जारी गरेको छ । नेसनल कन्फ्रेन्सका उपाध्यक्ष उमर अब्दुल्लाहले जम्मु–कश्मीरमा नयाँ

सरकार गठनका लागि दाबी पेश गरेका छन्। हालै सम्पन्न विधानसभा चुनावमा नेसनल कन्फरेन्स र कंग्रेस पार्टीको गठबन्धनले बहुमत प्राप्त गरेको थियो।

****** ० ******

**नड्डा-खर्गेको टिप्पणी**

भारतीय जनता पार्टीले कांग्रेस सभापति मल्लिकार्जुन खर्गेको भनाइप्रति कडा आपत्ति प्रकट गर्नु हुँदै यो उहाँको निराशा र कांग्रेसको लगातार पराजयको प्रतिक्रिया भएको बताउनु भएको छ। बीजेपी अध्यक्ष जगत प्रकाश नड्डाले भन्नु भयो, जनतालाई थाहा छ कुन पार्टीले देश विरोधी शक्ति, शहरी नक्सलवादी र देशलाई बदनाम गर्ने प्रयास गर्नेहरूलाई समर्थन गर्छ। प्रधानमन्त्री नरेन्द्र मोदीको जनता र गरिब पक्षको नीतिलाई कांग्रेसले चुनौती दिन नसकेको उहाँले बताउनु भयो।

****** ० ******

**भाजपा - नियुक्ति**

भारतीय जनता पार्टीले हरियाणा भाजपा विधायक दलको बैठकको लागि केन्द्रीय गृहमन्त्री अमित शाह र मध्य प्रदेशका मुख्यमन्त्री मोहन यादवलाई केन्द्रीय पर्यवेक्षक नियुक्त गरेको छ।पार्टीले केन्द्रीय मन्त्री प्रल्हाद जोशी र पार्टीका राष्ट्रिय महासचिव तरुण चुगलाई जम्मू कश्मीर भाजपा विधायक पार्टीको बैठकको लागि केन्द्रीय पर्यवेक्षकको रूपमा नियुक्त गरेको छ।

****** ० ******

**दिल्ली-गुजरात पुलिस कोकिन**

लागुऔषध दुरुपयोग र ड्रग फ्री भारत अभियानमा केन्द्र सरकारको शून्य सहनशीलता नीति अन्तर्गत एक प्रमुख कार्यमा दिल्ली र गुजरात पुलिसको विशेष सेलले 518 किलोग्राम कोकिन जफ्त गरेको छ। हिजो संयुक्त अपरेशनका क्रममा गुजरातको अंकलेश्वरस्थित अवकार ड्रग्स लिमिटेड कम्पनीबाट कोकिन बरामद भएको स्रोतले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा यसको अनुमानित मूल्य लगभग पाँच हजार करोड रुपियाँ रहेको छ।यस अघि यही महिनाको एक मितिमा दिल्ली पुलिसको विशेष शाखाले महिपालपुरको एउटा गोदाममा छापा मारेर ५६२ केजी कोकिन र ४० किलो अफिम जफ्त गरेको थियो। यस प्रकरणको अनुसन्धानको क्रममा १० अक्टोबरमा दिल्लीको रमेश नगरको एउटा पसलबाट २०८ किलोग्राम कोकिन पनि जफ्त भएको थियो। सोधपुछका क्रममा उक्त कोकिन फार्मा सोलुसन सर्भिस कम्पनीको रहेको र गुजरातको अंकलेश्वरको अवकार ड्रग्स लिमिटेडबाट आएको खुलेको हो।

****** ० ******

**तमिलनाडु वर्षा**

मौसम विभागले भोलिदेखि यस महिनाको १७ तारिखसम्म तमिलनाडुमा वर्षा हुने पूर्वानुमान गरेको छ। प्रदेशका उत्तरी तटीय जिल्लाहरुमा १५ र १६ अक्टोबरमा भारीदेखि अति भारी वर्षा हुने चेतावनी दिइएको छ। भोलि साँझ बङ्गालको खाडीमा न्यून चापीय रेखा बन्ने सम्भावना रहेकाले आगामी ५ दिनसम्म माछा मार्नेहरुलाई समुन्द्रमा नजान कडाई गरिएको छ। यो साता उत्तरपूर्वी मनसुनको आगमनसँगै यस साता राज्यभर भारी वर्षाको सम्भावना छ। राज्य सरकारले यस मनसुन मौसमको लागि 1913 हेल्पलाइनहरू घोषणा गरेको छ जुन चौबीसै घण्टा काम गर्नेछ। चेन्नईमा मिडियालाई जानकारी दिँदै उप मुख्यमन्त्री उदयनिधिले भन्नु भयो, तमिलनाडु अलर्ट एप्सले मानिसहरूको सुरक्षा सुनिश्चित गर्न मौसम अलर्टहरू प्रसारण गर्नेछ। राहत र उद्धारका लागि १३ हजार स्वयंसेवक तयार रहेको उहाँले बताउनु भएको छ। उहाँले राहत शिविर रोकथामका लागि स्थापना गरिएको बताउनु भयो।

****** ० ******

**महिला टि२० विश्वकप क्रिकेट**

शारजाहमा गए राति भएको समूह 'ए' अन्तर्गतको म्याचमा अष्ट्रेलियाले भारतलाई ९ रनले पराजित गर्दै महिला ट्वान्टी–२० क्रिकेट विश्वकपको सेमि फाइनलमा स्थान पक्का गरेको छ।अस्ट्रेलियाले २० ओभरमा आठ विकेट गुमाएर १५१ रन बनाएको थियो। १५२ रनको लक्ष्यको जवाफमा भारतले ९ विकेट गुमाएर १४२ रन मात्रै बनाउन सकेको थियो। भारतका

लागि कप्तान हरमनप्रीत कौरले अविजित ५४ र दीप्ती शर्माले २९ रन बनाएकी थिइन्। अष्ट्रेलियाका लागि अन्नाबेल सदरल्याण्ड र सोफी मोलिनक्सले २–२ विकेट लिए भने मेगन स्कट र एस्ले ग्राडनरले एक–एक विकेट लिएका थिए। सोफी मोलिनक्स प्लेयर अफ द म्याच चुनिए। भारतका लागि रेणुका ठाकुर सिंह र दीप्ती शर्माले २–२ विकेट लिए भने पूजा वस्त्रकारए राधा यादव र श्रेयंका पाटिलले एक–एक विकेट लिएका थिए।यसपछि भारतको सेमिफाइनलको दौडमा रहने आशा अब न्युजिल्यान्ड र पाकिस्तानबीचको म्याचमा टिकेको छ। यदि पाकिस्तानले यो म्याच जित्यो भने भारतले सेमिफाइनलमा आफ्नो स्थान पक्का गर्नेछ। यो खेल आज भारतीय समय अनुसार साँझ ७:३० बजे शुरु हुनेछ। यसअघि हिजो साँझ समूह बी को अर्को खेलमा इंग्ल्याण्डले स्कटल्याण्डलाई १० विकेटले पराजित गरेको थियो।

****** ० ******